# खानेपानी तथा सरसफाई ऐन, २०८०

त्रियुगा नगरपालिका

गाईघाट, उदयपुर

कोशी प्रदेश, नेपाल

त्रियुगा नगरपालिकाको सवंत २०८० साल फाल्गुण २२ गतेको बाह्रौं नगर सभा बैठकले पारित गरे बमोजिम ठिक छ भनि गाँउ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ४४ को उपदफा २ बमोजिम दस्तखत गरी प्रमाणिकरणको लागि सभा अध्यक्ष समक्ष पेश गर्दछु ।

..................

बिष्णु भक्त सिग्देल

नगर सभा सचिब (प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## खानेपानी तथा सरसफाई ऐन, २०८०

प्रस्तावनाः नगरबासीहरुलाई सहज र दिगो रूपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नगरसभाले यो ऐन बनाई लागु गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "खानेपानी तथा सरसफाई ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) "अनुमतिपत्र" भन्नाले दफा १४ बमोजिमको अनुमति पत्र सम्झनुपर्छ ।

ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनुपर्छ ।

(ग) "आयोजना" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार एवं तत्संम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनुपर्छ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्छ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रूपमा सामुहिक् हीतका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनुपर्छ ।

(च) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ

(छ) "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरूले उपभोक्ता संस्थाको रूपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समिति समेत सम्झनुपर्छ ।

(ज) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रूपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउनेछ ।

(झ) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रूपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनुपर्छ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउनेछ ।

नगर प्रमुख



CamScanner

(ञ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरूले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनुपर्छ र सो शब्दले औद्योगिक संस्थाहरूले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउनेछ ।

(ट) "गुणस्तरीय खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनुपर्छ र सो शब्दले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रासायनिक पदार्थहरू नरहेको पानी समेतलाई जनाउनेछ ।

(ठ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यात्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनुपर्छ ।

(ड) "शौचालय" भन्नाले मानव मलमूत्र सुरक्षित रूपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउनेछ । ।

(ढ) "ढल निकास" भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट सङ्कलन र स्थानान्तरण गर्ने कार्य सम्झनुपर्छ ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(त) "नगरपालिका" भन्नाले त्रियुगा नगरपालिकालाई सम्झनुपर्छ ।

(थ) "पानीको स्रोत" भन्नाले प्राकृतिक रूपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनुपर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउनेछ ।

(द) "फोहोरपानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(ध) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउनेछ ।

(न) "स्वच्छता" भन्नाले नियमित रूपमा शौचालयको प्रयोग गर्ने, नियमित रूपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्ति गत सरसफाइ कायम गर्ने र घरभित्र र बाहिरका तरल र ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्य समेत सम्झनुपर्छ ।

(प) "संगठित संस्था" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउनेछ ।

नगर प्रमुख



CamScanner

(फ) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनुपर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउनेछ ।

(ब) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा र स्वच्छता सम्बन्धी सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनुपर्छ ।

(भ) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ र स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनुपर्छ ।

परिच्छेद २

## खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार र खानेपानी प्रणाली संम्बन्धी व्यवस्था

३. खानेपानी तथा सरसफाइमा पहुँचको अधिकारः (१) प्रत्येक नगरबासी नागरिकलाई विना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत प्रत्येक नगरबासी नागरिकलाई देहायको अधिकार हुनेछ ।

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार र स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रूपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रूपमा पहुँचको अधिकार ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, संवर्द्धन, परिपूर्ति र कायान्वयन गर्ने जिम्मेवारी नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यसका लागि नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछ ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका उपभोक्ता संस्थाहरूले आपूर्ति गर्ने खानेपानीको सुविधास्तर निर्धारण गर्न सक्नेछ ।

(५) खानेपानीको सुविधास्तरको लागि उपभोक्ता संस्थाहरूसँग छलफल गरी आवश्यक सूचकहरू निर्धारण गर्न सक्नेछ ।

४. खानेपानीका स्रोत माथिको अधिकारः (१) नगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरिनेछ।

(२) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिँचाइ, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानून बमोजिम कुनै उपभोक्ता संस्था वा समुदायले समुदायको हित हुनेगरी परम्परागत रूपमा वा उपभोक्ता संस्थाका माध्यमबाट घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ ।

नगर प्रमुख



CamScanner

(४) नगरपालिकाभित्र कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ ।

(५) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा प्रभावित उपभोक्ता संस्थाको सहमति लिनु पर्नेछ ।

(६) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रूपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्न पर्नेछ ।

(७) नेपाल सरकार वा प्रदेश सरकारले नगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी सङ्कलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व नगरपालिका र प्रभावित उपभोक्ता संस्था वा समुदायको सहमति लिनु पर्नेछ ।

__५. पानीको स्रोत तथा मुहानको संरक्षण:__ (१) खानेपानी तथा सरसफाइमा योगदानका लागि खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नगरबासी नागरिक, नगरपालिका, स्थानीय समुदाय, संघसंस्था र निकायको कर्तव्य हुनेछ ।

(२) नगरपालिकामा रहेका खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको समन्वयमा देहाय बमोजिमका कार्यहरू गर्नु पर्नेछ:

(क) खानेपानीको स्रोत संरक्षणको लागि जलाधार, पानी निसृत भएर आउने मुलाधार, सिमसार र वन क्षेत्र संरक्षण गरी बाढी, पैहो नियन्त्रण गर्ने र खानेपानीको मूल वा मुहानलाई दिगो बनाई राख्न नियमित रूपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ख) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ग) खानेपानीको संरक्षण र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरूलाई सचेतना अभिवृद्धि गर्ने ।

(घ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण तथा आगलागी नियन्त्रण गर्न कृषकहरूलाई प्रोत्साहन गर्ने ।

(ङ) खानेपानीको मुहान वा वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने ।

(च) खानेपानीको स्रोत र वहाव प्रणालीमा हुने प्रदुषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने ।

(३) नगरपालिकामा रहेका उपभोक्ता संस्थाले अन्य छिमेकी नगरपालिकाको क्षेत्रमा रहेको मुहान वा स्रोतबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानपानीको मुहान तथा स्रोत संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ ।

(४) व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र आफ्नो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरू गर्नु पर्नेछ ।

नगर प्रमुख

(५) खानेपानीको प्रयोजनका लागि निर्माण गरिएका कुनै पनि प्रकारका धाराहरूबाट पानी प्रयोग गर्ने समयमा बाहेक अन्य समयमा पानी खेर फाल्न पाइने छैन ।

६. भूमिगत पानीको उपयोगः (१) भूमिगत पानीको उपयोगका लागि नेपाल सरकारले बनाएको मापदण्डको आधारमा नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही व्यक्ति, उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले भूमिगत पानीको उपयोग गर्न सक्नेछन्

७. खानेपानी तथा सरसफाइ प्रणालीः (१) नगरपालिकाभित्र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहने उपभोक्ता संस्थाका माध्यमबाट सामुहिक रूपमा स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ र स्वच्छता सम्वन्धी सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) भौगोलिक जटिलता, बढी लागत तथा विशिष्टकृत प्राविधिक सीपको आवश्यकता र दक्ष जनशक्तिको आवश्यकता पर्ने भई नगरपालिका र उपभोक्ता संस्थाले मात्र सम्पन्न गर्न नसक्ने प्रकृतिका खानेपानी तथा सरसफाइ आयोजनाको सहलगानीमा निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिका र उपभोक्ता संस्थाले नेपाल सरकार वा प्रदेश सरकारसँग सहयोग माग गर्न सक्नेछ ।

(३) खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण गर्दा र भौतिक संरचना बनाउँदा उपभोक्ता संस्थाले आफै निर्माण गर्नु पर्नेछ र उपभोक्ता संस्थाले निर्माण गर्न नसक्ने प्रकृतिका र सहलगानीका वहुवर्षीय आयोजनाको भौतिक संरचनाको निर्माणका लागि मात्र प्रतिस्पर्धाका आधारमा निर्माण व्यावसायी छनोट गर्न सकिनेछ ।

(४) नगरपालिकाले सतह तथा भूमिगत पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा नागरिकलाई खानेपानी उपलब्ध गराउनको लागि आकाशे पानी सङ्कलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँगसमेत समन्वय गरी आर्थिक तथा प्रविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) कुनै उपभोक्ता संस्थाले नगरपालिका सहित अन्य स्थानीय तहको क्षेत्रमा समेत खानेपानी तथा सरसफाइ सेवा आपूर्ति गरेको रहेछ भने उक्त उपभोक्ता संस्थालाई दुवै तथा सम्बन्धित सबै स्थानीय तहबाट सहयोग गर्न सकिने छ ।

(६) कुनै व्यक्तिको निजी जग्गामा रहेको पानीको स्रोतलाई आफ्नो घरेलु प्रयोजनका लागि उपयोग गर्न पाइने छ र निज़ी जग्गाको पानीको स्रोतलाई सामुहिकहितका लागि सामुदायिक रूपमा खानेपानी आपूर्ति गर्ने उपभोक्ता संस्थाले पनि उपयोग गर्न सक्नेछ ।

(७) व्यापारिक वा व्यावसायिक रूपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले कुनै कारणले नियमित रूपमा खानेपानी सेवा आपूर्ति गर्न नसकेमा सो अवधीका लागि उपभोक्तालाई ट्याङ्कर वा अन्य वैकल्पिक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

(८) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले आफूले सञ्चालन गरेको खानेपानी आपूर्ति प्रणालीको आधारभूत जानकारीहरू (पानीको स्रोत र परिमाण, उपभोक्ता घरधुरी संख्या र जनसंख्या, पदाधिकारी, लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था, लगानी रकम, शुल्क तथा महशुल दर, सम्पर्क र गुनासा सुनुवाई संयन्त्र) बारे सूचनापाटी तयार गरी सार्वजनिक स्थलमा राख्नु पर्नेछ ।

नगर प्रमुख

८. खानेपानी आयोजना र संरचनाको हस्तान्तरण: (१) नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोसम्बन्धी संरचनाहरू खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरू उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधी सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरू पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद ३

## उपभोक्ता संस्था सम्बन्धी व्यवस्था

खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठनः (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुदायिक हीत र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन नभएका क्षेत्रमा नगरपालिकाले उपभोक्ता संस्था गठनका लागि आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ ।

(३) नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरू गठन भएमा उपभोक्ता संस्थाको विधान सहित उपभोक्ता संस्था दर्ताका लागि नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता संस्था दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा नगरपालिकाले विधान स्वीकृत गरी उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्नेगरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

(६) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/समूह/समितिहरू मध्ये प्रचलित संघीय र प्रदेश कानून बमोजिम नगरपालिकाको दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समूह/समितिहरू यो ऐन लागु भएपश्चात् नगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक गर्नु पर्नेछ। तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नुपर्ने छैन ।

(७) उपदफा (६) को प्रयोजनका लागि जिल्ला जलस्रोत समितिले आफ्नो कार्यालयमा दर्ता रहेका तर नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारीभित्र पर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूको दर्ता अभिलेख, फाइल र सम्बन्धित कागजातहरू यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा नगरपालिकामा हस्तान्तरण गर्नु पर्नेछ ।

(८) प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूले नगरपालिकाको क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्दै आएको भएमा उक्त संस्थाको दर्ता प्रमाणपत्र, विधान र खानेपानीको स्रोत सहितको विवरण यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा नगरपालिकामा अभिलेखको रूपमा राख्नका लागि उपलब्ध गराउनु पर्नेछ ।



नगर प्रमुख

CamScanner

(९) नगरपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(१०) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले आफूले उपयोग गर्दै आएको खानेपानीको स्रोत उपयोग अनुमतिपत्रलाई प्रत्येक पाँच वर्षमा नगरपालिकाले तोकेकोबमोजिम नवीकरण गर्नुपर्ने छ ।

(११) कुनै क्षेत्रमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरू एक आपसमा गाभिन वा आवश्यकताका आधारमा अलग अलग हुन सक्नेछन् ।

(१२) उपभोक्ता संस्था सम्बन्धी अन्य व्यवस्थाहरू तोकिए बमोजिम हुनेछ

<u>१०. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था सङ्गठित संस्था हुने:</u> (१) यस ऐन तथा प्रचलित कानून बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नासिल उजूर लाग्न सक्नेछ

११. उपभोक्ता संस्थाको कार्यसमितिः (१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमिति कम्तिमा सात र बढीमा पन्ध्र सदस्यीय हुनुपर्नेछ ।

(२) कार्यसमिति गठन गर्दा उपभोक्ता संस्थाको क्षेत्रभित्रका विभिन्न जातजातिको प्रतिनिधित्व र सामाजिक समावेशीकरण बोजिम गठन गर्नु पर्नेछ ।

(३) उपभोक्ता संस्थाको कार्यसमितिमा कम्तीमा पचास प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा दुई पदमा महिला पदाधिकारी हुनु पर्नेछ ।

(४) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमतिको कार्यकाल चार वर्षको हुनेछ ।

(५) कुनै पनि व्यक्तिले अध्यक्षको रूपमा बढीमा दुई कार्यकाल मात्र काम गर्न पाउनेछ तर कुनै पनि व्यक्ति कुनै एउटै पदमा दुई पटक भन्दा बढी दोहोरिएर पदाधिकारी बन्न पाउने छैन ।

(६) उपभोक्ता संस्थाको कार्यसमितिको गठन वा विघटन उपभोक्ता संस्थाको साधारण सभाको रूपमा आयोजना गरिने अधिवेशनले मात्र गर्न सक्नेछ । तर, उपभोक्ता समितिले विधानले तोकेको समयभित्र अधिवेशन नगरेमा वा संस्थाको हित विपरित कार्य गरेमा दफा ११ को उपदफा १० बमोजिम गठित समितिको सिफारिसको आधारमा नगरपालिकाको निर्णय आधारमा कार्य समिति भंग गरी अन्य व्यवस्था गर्न सक्नेछ । भंग भएको छ महिना भित्र अधिवेशन बोलाई नयाँ कार्य समिति चयन गर्नु पर्नेछ ।

(७) उपभोक्ता संस्थाको प्रत्येक वर्ष साधारण सभा आयोजना गरी वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गर्नु पर्नेछ र आवश्यकता अनुसार विशेष साधारण सभा आयोजना गर्न सक्नेछ ।



नगर प्रमुख

CamScanner

(८) उपभोक्ता संस्थाको साधारण सभा वा अधिवेशन आयोजना गर्नका लागि नगरपालिका र सम्बन्धित निकायले आवश्यकता अनुसार सहयोग तथा सहजीकरण गर्न सक्नेछन् ।

(९) उपभोक्ता समितिले यस ऐनको उल्लंघन गरेमा वा उद्देश्य विपरित कार्य गरी आर्थिक हिनामिना गरेको सम्बन्धमा छानविन गरी राय सहितको प्रतिवेदन दिन नगरपालिकाले एक छानबिन समिति गठन गर्न सक्नेछ ।

(१०) उपदफा (९) को प्रयोजनार्थ उपभोक्ता समितिले उद्देश्य विपरित कार्य गरेको वा आर्थिक हिनामिना गरेको उजुरीको सम्वन्धमा छानविन गर्न देहाय बमोजिमको पाँच सदस्य छ नविन समिति गठन गर्नुपर्नेछः

| | |
|---|---|
| (क) सामाजिक विकास समितिका संयोजक | संयोजक |
| (ख) पूर्बाधार विकास समितिका संयोजक | सदस्य |
| (ग) लेखा शाखा प्रमुख | सदस्य |
| (ग) खानेपानी/वातावरण ईन्जिनियर | सदस्य |
| सम्वन्धित वडाको वडा अध्यक्षहरु | |
| (ङ) सामाजिक विकास शाखा प्रमुख | सदस्य-सचिव |

(११) उपदफा १० बमोजिम गठित छानबिन समितिले १५ दिन भित्र अध्ययन गरी राय सहितको प्रतिवेदन नगर प्रमुख समक्ष दिनु पर्नेछ ।

२. उपभोक्ता संस्थाको विधानः (१) उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका व्यवस्थाहरू समावेश गर्नु पर्नेछ.

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत तथा लाभान्वित संख्या

(ख) उपभोक्ता संस्थाको उद्देश्य र कार्यहरू

(ग) सदस्यता (सदस्य, सदस्य शुल्क, सदस्यता शुल्क छुट, सदस्यता नरहने आदि)

(घ) अधिवेशन, वार्षिक साधारण सभा, विशेष साधारण सभा र अधिवेशन तथा साधारण सभाका कार्यहरू

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरू

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारहरू

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता संस्थाको कोष, सेवा शुल्क र आर्थिक स्रोत सङ्कलन तथा चल अचल

(ञ) सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण

(ट) निर्वाचन सम्बन्धी व्यवस्था

(ठ) विविध (विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

नगर प्रमुख

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको विधानमा स्थानीय आश्यकता र उपभोक्ता संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरू समावेश गर्न सक्नेछ ।

१३. उपभोक्ता संस्थाको कोषः (१) उपभोक्ता संस्थाको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवा शुल्क, नगरपालिका र विभिन्न निकाय तथा संघ संस्थाबाट प्राप्त रकम र कानून बमोजिम प्राप्त रकम जम्मा गर्नु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन् ।

(३) उपभोक्ता संस्थाले आफ्नो कोषमा भएको रकमलाई खानेपानी तथा सरसफाइ आयोजनाको दिगोपना तथा मर्मत सम्भार गर्न र अन्य कुनै निकायहरूसँगको सहलगानीमा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि समेत सदुपयोग गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले आफ्नो विधानमा भएको व्यवस्था बमोजिम लेखा परीक्षक नियुक्त गरी संस्थाको वार्षिक आयव्ययको लेखा परीक्षण गराई वार्षिक साधारण सभाबाट पारित गर्नु पर्नेछ ।

## परिच्छेद ४

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**१४. अनुमति पत्र लिनुपर्ने:** (१) नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रूपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थाद्वारा खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(३) नगरपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा नगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरू पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ

१५. अनुमतिपत्र दिनुपर्नेः (१) दफा १४ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका सर्तहरू समेत उल्लेख गरी निवेदक संस्थालाई व्यापारिक, व्यावसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनु पर्नेछ ।

नगर प्रमुख



CamScanner

(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ ।

(३) अनुमतिपत्र प्राप्त संस्थाको अनुममतिपत्रको अवधी समाप्त हुने वर्ष उक्त खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि सम्बन्धित क्षेत्रमा उपभोक्ता संस्था स्थापना गरी सोही उपभोक्ता संस्थालाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रूपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(५) उपदफा (१) र (४) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चलन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

<u>१६. अनुमतिपत्र प्रदान नगरिने:</u> (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रूपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोबास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनै पनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि अनुमपित्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रूपमा खानेपानी सेवा आपूर्ति गर्न नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रूपमा खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्नको लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्ने गरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

१७. अनुमतिपत्र खारेजः (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले ऐन नियम विपरितको कुनै व वा नियमित रूपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा कार्यपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र संस्थालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थाको विधमानता भए नभएको कुरा पहिचान गर्नका लागि नगरपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा कार्यपालिकाले यस ऐन बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

नगर प्रमुख

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद ५

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी व्यवस्था

१८. खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनुपर्नेः (१) यस ऐन तथा प्रचलित कानून बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संगठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका खानेपानी तथा सरसफाइ उपभोक्ताहरूले नियमित र न्यायोचित रूपमा खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन ।

(३) यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ

(४) घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनका लागि नगरपालिकाले उपभोक्ता संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगीक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रूपमा खरिद बिक्री गर्न सक्नेछ ।

(६) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा नगरपालिका र सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नु पर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपूर्तिका लागि अस्थायी वा वैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

(७) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात निष्कने फोहोरपानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नु पर्नेछ ।

१९. धारा तथा मिटर जडानः (१) यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरीदिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्रभित्र का धाराहरूमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलब्ध गराउनु पर्नेछ ।

२०. ढल निकास सेवा सञ्चालनः (१) यस ऐन बमोजिम खानेपानी सेवा सेवा प्रदान गर्दा निष्किएको फोहोर पानीको व्यवस्थापनका लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले ढल निकास सेवा सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्ताबाट संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सक्नेछ ।

नगर प्रमुख

२१. सेवा बन्द गर्न सक्ने: (१) काबु बाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवाप्रणालीबाट उपलब्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्वसूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले वैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था आफैले निर्धारण गरेको समय तालिकाबमोजिम नियमित रूपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरूपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने सर्तको उल्लघंन गर्ने उपभोक्ताको सेवा सम्बन्धित संस्थाले पूर्वसूचना दिई बन्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा पूनः सुचारु गरिदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित सुचारु गरीदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

२२. निजी वा सार्वजनिक जग्गामा पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्ने: (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रचलित बमोजिमको प्रक्रिया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छ्याउनवा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्यात्ति को निजी जग्गामा पाईप बिच्छ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन वा आपसी सहमतिका आधारमा निःशुल्क लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि नगरपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छ्याएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ ।

२३. घर जग्गामा प्रवेश गर्न सक्ने: (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी वा नगरपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्वसूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरूपयोग वा सेवाको अनाधिकृत उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदयदेखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

नगर प्रमुख



CamScanner

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घरजग्गा धनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुदैन ।

तर त्यस्तो कार्यमा संलग्न व्यक्ति ले कुनै हानी नोक्सानी गरेको पाइएमा संस्थाले सम्बन्धित व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति दिनु पर्नेछ ।

२४. सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षाः (१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा नगरपालिकाले प्रदेश तथा संघीय सरकार समेतको समन्वयमा आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(२) उप दफा (१) बमोजिम अनुमति पत्र प्राप्त सस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद ६

## महसुल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

२५. खानेपानी तथा सरसफाइ महसुल निर्धारणः (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरूको योगदान, उपभोक्ताको बृहदहीत, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हक सम्वन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) यस नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले उपदफा (२) बमोजिमका सूचकहरूका आधारमा निर्धारण गर्ने खानेपानी महशुलमा सम्भव भएसम्म एकरूपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल यस नगरपालिकाको परामर्शमा संघीय खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

२६. महसुल तथा शुल्क लिन सक्नेः (१) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गरेवापत उपभोक्ता संस्थाले साधारण सभाको निर्धारण बमोजिम र अनुमतिपत्र प्राप्त संस्थाले संघीय खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधिनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिन सक्नेछ ।

(२) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ।



CamScanner

(३) व्यापारिक वा व्यावसायिक रूपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र निर्धारित समयतालिका बमोजिम नियमित रूपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले गरिब तथा विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान बापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिनु पर्नेछ ।

२७. मिनाहा वा छुट दिन सक्नेः प्रकोप वा अन्य कुनै विषम परिस्थीका कारण कुनै खास क्षेत्रका उपभोक्ता, गरिब तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

२८. असुल उपर गर्न सक्नेः यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा जरिवानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद ७

## खानेपानी तथा सरसफाइको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

२९. स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नुपर्नेः (१) यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ।

(२) खानेपानी आपूर्ति गर्दा पानीको गुणस्तर र स्वच्छता कायम गर्नका लागि पानी प्रशोधन गर्नुपर्ने भएमा प्रशोधन गरेर मात्र खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

३०. गुणस्तर मापदण्ड तोक्न सक्नेः (१) खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरू नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी यस नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

(३) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप हुने गरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (५) बमोजिम यस नगरपालिकाले आफै प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा उपभोक्ता संस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

नगर प्रमुख



CamScanner

३१. वातावरणीय अध्ययन गर्ने: खानेपानी तथा सरसफाइ सम्बन्धी नयाँ आयोजना निर्माण गर्दा कुनै आयोजनाको वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्ने भएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाले उक्त कानूनी व्यवस्थाको पालना गर्नु पर्नेछ ।

३२. नदी तथा ताल तलैयाको जल गुणस्तर मापदण्ड: सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र बस्तिसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरूको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सिर्जित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा गरेका मापदण्ड समेतलाई आधार मान्दै नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ । पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार, तथा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड समेतलाई आधार मान्दै नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

३३. फोहोरपानी प्रशोधन गर्नुपर्ने: (१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र यस नगरपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोरपानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाइने छैन ।

(२) कसैले आफूबाट उत्सर्जित फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमाभित्र रही मिसाउनु पर्नेछ।

(३) नगरपालिकाले आफै वा उपभोक्ता संस्थाले नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहरपानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ ।

३४. सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने: (१) नगरपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा शहरी वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य तथा सरसफाइ र स्वच्छता सम्बन्धी विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ।

(२) शौचालय निर्माण तथा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि नगरपालिकाले सामाजिक सुरक्षा सेवा र अन्य अनुदानमा अस्थायी रूपमा रोक लगाउन सक्नेछ

३५. अनुगमन तथा नियमन: (१) नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको समन्वयमा उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवाको स्तरका बारेमा नियमित रूपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाको वातावरण र खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत वा तोकिएका कर्मचारीले उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाद्वारा आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहोरपानीको नमूना सङ्कलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा नगरपालिकाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवाकोस्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ ।

नगर प्रमुख

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

३६. क्षतिपूर्ति भराई दिन सक्नेः (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको प्रतिकूल असर पर्न गएमा त्यस्तो उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रभावित उपभोक्तालाई प्रचलित कानूनमा निर्धारण गरिएबमोजिमको क्षतिपूर्ति भराई दिनुपर्नेछ ।

(२) कसैले खानेपानी वा सरसफाइ र स्वच्छता सम्बन्धी आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि किसिमको हानी नोक्सानी वा क्षति पुऱ्याएमा सोसम्बन्धी मुद्दा हेर्ने अधिकारीले क्षतिपूर्ति बापत उचित रकम भराई दिन सक्नेछ

३७. कसुर र सजायः (१) कुनै व्यक्ति वा संस्थाले यस ऐनको उलङ्घन गरेमा नगरपालिका प्रमुखले पाँचहजार रूपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(२) ऐनको उलङ्घन गरेको कारणले कुनै हानी नोक्सानी हुन गएको रहेछ भने नगरपालिकाले क्षतिपूर्ती समेत भराउन सक्ने छ ।

(३) उपभोक्ता समितिले यस ऐनको उलङ्घन गरेमा नगरपालिका प्रमुखले पाँचहजार रूपैयासम्म जरिवाना गरी कुनै हानी नोक्सानी हुन गएको रहेछ भने नगरपालिकाले क्षतिपूर्ति भराई उक्त समिति भङ्ग समेत् गर्न सक्ने छ ।

(४) कसैले बदनियतका साथ कुनै खानेपानीको मुहान, बाँध, नहर, वा खानेपानीसँग सम्बन्धित कुनै संरचना भत्काएमा वा कुनै प्रतिकूल असर पारेमा वा हानीनोक्सानी वा यस्तै प्रकृतिका अपराध गरेमा यस्तो अपराध गर्नेलाई नगरपालिका प्रमुखले पच्चीस हजार रूपैयाँसम्म ज़रिवाना गर्न सक्नेछ

(५) उपदफा (१), (२), (३), (४) बमोजिमका अपराधिक कार्यमा दुरुत्साहन दिने वा मतियार हुनेलाई रु दश हजार रूपैयासम्म जरिवाना गरी कुनै क्षति भएकोभए वास्तविक क्षती वराबरको रकम विगो भराई कानून बमोजिम थप कारवाही हुनेछ।

(६) खानेपानीसँग सम्वन्धित अन्य अपराधसम्बन्धी कसुर विरुद्धको कारवाही तथा अन्य कुरा अन्य प्रचलित कानून बमोजिम हुनेछ

(७) यस ऐन बमोजिम गरेको जरीवाना र क्षतिपूर्ति विरुद्ध पैतीस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद ८

## विविध

३८. खानेपानी तथा सरसफाइ समन्वय समितिः (१) नगरपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिन र प्रभावकारिता ल्याउन, खानेपानी तथा सरसफाइसम्बन्धी उपभोक्ता संस्था एवं संघसंस्था र निकायहरूसँग समन्वय कायम गर्ने र खानेपानी तथा सरसफाइका विषयमा सृजना हुने स्थानीय विवाद समाधानमा सहजीकरण गर्न नगरपालिकामा देहाय बमोजिमको एक खानेपानी तथा सरसफाइ समन्वय समिति रहनेछः

(क) नगरपालिका प्रमुख - अध्यक्ष

नगर प्रमुख

(ख) खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने कार्यपालिकाका सम्बन्धित विषयगत समितिको संयोजक १ र एक जना महिला सदस्य - सदस्य

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि, -सदस्य

(घ) खानेपानी तथा सरसफाइ र स्वच्छताको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि, सदस्य

(ङ) नगरपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरूको छनोट नगरपालिका प्रमुखले गर्नेछन र निजहरूको कार्य अवधी तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) समितिको बैठकमा खानेपानी तथा सरसफाइ र स्वच्छता विषयका विज्ञ र सरोकारवाहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

३९. खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन: (१) नगरपालिकाले उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघसंस्थाहरूसँग समन्वय, सहकार्य तथा परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्डअनुसार आफ्नो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) नगरपालिकाले तर्जुमा गरेको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी योजना कार्यान्वयनका लागि उपभोक्ता संस्था र सम्बन्धित सबै निकाय र सरोकारवालाहरूले सहयोग गर्नु पर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी योजनामा आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्न सकिनेछ ।

(४) प्रकोप तथा आपतकालिन समयमा खानेपानीको नियमित आपूर्ति गर्न र सरसफाइ तथा स्वच्छता कायम गर्नका लागि यस दफा बमोजिम तर्जुमा गरिने योजनमा विशेष व्यवस्था गर्नु पर्नेछ ।

४०. विवरण उपलब्ध गराउने: (१) नगरपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरू सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रूपमा र आवश्यकता अनुसार उपलब्ध गराउनेछ:

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थाहरूको संख्या र सोबाट लाभान्वित जनसंख्या ।

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वित जनसंख्या ।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरू ।

४१. पुरस्कार सम्बन्धी व्यवस्था: खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई यस नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

४२. निर्देशन दिन सक्ने: नगरपालिकाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा



CamScanner

आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु कर्तव्य हुनेछ । उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

<u>४३. अधिकार प्रत्यायोजनः</u> (१) नगरपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस नगरपालिकामा खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी उपशाखा/इकाई स्थापना गर्नु पर्नेछ । यस ऐन र सो अन्तर्गत तर्जुमा हुने नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बमोजिम गर्नुपर्ने कार्यहरू सामाजिक विकास शाखा वा वातावरण आखाबाट सम्पन्न गर्न सकिनेछ ।

<u>४४. नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेः</u> यस ऐनमा गरिएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

<u>४५. खारेजी र बचाउः</u>

यस अघि नगर कार्यपालिकाको बैठकले नगर क्षेत्र भित्रको खानेपानी तथा सरसफाई उपभोक्ता समितिको व्यवस्थापन, संचालनको सम्बन्धमा गरेको निर्णय यसै ऐन बमोजिम भएको मानिनेछ ।

त्रियुगा नगरपालिकाको सवंत २०८० साल फाल्गुण २२ गतेको बाहौं नगर सभा बैठकले पारित गरे बमोजिम ठिक छ भनि गाँउ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ४४ को उपदफा १ बमोजिम प्रमाणिकरण गर्दछु ।

बसन्त कुमार बस्नेत
नगर प्रमुख (सभा अध्यक्ष)
प्रमाणिकरण मिति : २०८०/११/२२ गते
विधेयक संख्याः ०६

नगर प्रमुख



CamScanner